आज मिति २०७९।०३।०९ गते बिहीबारको दिन यस बाणगंगा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रहेको छ।

**उपस्थिति:**

| क्र. स. | पदाधिकारीहरुको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | दानु घर्ती | कार्यपालिका सदस्य | |
| १७ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १८ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| २० | डिल बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २१ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २२ | टेकराज पन्थी | सचिव | |

*नगर कार्यपालिकाको १२१ औं बैठक*

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**बाणगङ्गा, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**
**मिति: २०७९।०३।०९**

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया सम्बन्धमा।
२. आर्थिक वर्ष २०७९।०८० को बजेट तथा कार्यक्रम सम्बन्धमा।
३. कर्मचारी समायोजन तथा व्यवस्थापन को लागि लोकसेवा आयोगको परामर्श सम्बन्धमा।
४. धार्मिक विद्यालय सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने।
५. नगर खेलकुँद समिति सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने।
६. विविध

**निर्णयहरु:-**

**निर्णय नं. १**

यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष ०७७।७८ को आम्दानी तथा खर्चको वार्षिक लेखा परीक्षणबाट प्राप्त भएको प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन कार्यपालिकामा छलफल भएको र आन्तरीक लेखा परीक्षण, योजना, प्राविधिक र आर्थिक प्रशासन शाखाले उक्त बेरुजुको तत्काल अध्ययन गरी फछ्यौंटको लागि पहल गर्ने र उक्त प्रतिवेदनलाई आवश्यक छलफलको लागि नगरसभामा सिफारिस गर्ने।

**निर्णय नं. २**

यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को बजेट तथा कार्यक्रम प्रस्तुतको लागि नगरसभामा सिफारिस गर्ने।

**निर्णय नं. ३**

साविक जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकामा नियुक्त भई यस बाणगङ्गा नगरपालिका अन्तर्गत समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुको व्यवस्थापन तथा तह मिलानको लागि बाणगङ्गा नगरपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ मस्यौदा राय परामर्सको लागि प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेशमा पठाउने।

**निर्णय नं. ४**

बाणगङ्गा नगरपालिकाको धार्मिक विद्यालय सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने।

**निर्णय नं. ५**

बाणगङ्गा नगरपालिकाको नगर खेलकुँद समिति सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने।

**निर्णय नं. ६**

पूर्ण संस्थागत प्रसुती सेवा (No Home Delevery) प्रोत्साहनका लागि निशुल्क एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७७ को अनुसूची २ र ४ मा रहेको दररेटमा रु. ३००।- थप गरी संसोधन गर्ने।